



देशको आर्थिक सामाजिक विकासमा ५२ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २४ अंक ४ वैशाख–असार २०७४ Year 24 Vol 4 May - July 2017


# राष्ट्रिय वाणिज्य बैंक लि.को एघारौं वार्षिक साधारण सभा सम्पन्न

**काठमाण्डौं, २६ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व. २०७२/०७३ को एघारौं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारण सभाले एन.आइ.डी.सी. डेभलपमेन्ट बैंक लि.लाई राष्ट्रिय वाणिज्य बैंक लि.ले प्राप्ती गर्ने विशेष प्रस्ताव र आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन पारित गरेको छ ।

बैंक संचालक समितिका अध्यक्ष डा.रबीन्द्र प्रसाद पाण्डेको सभापतित्वमा सम्पन्न सो साधारण सभामा अध्यक्ष पाण्डेले प्रतिवेदन प्रस्तुत गर्नुहुदै राष्ट्रिय वाणिज्य बैंक विश्वसनीय भएको र नेपालका बैंकहरुमध्ये १ नम्बरको बैंक बनाउने प्रतिबद्धता ब्यक्त गर्नुभयो । सो साधारण सभामा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले स्वागत मन्तब्य प्रस्तुत गर्दै




बैंकको समग्र वित्तीय अवस्था, वित्तीय क्षेत्र सुधार कार्यक्रम यता हासिल गरेका उपलब्धि तथा भावी योजनाको बारेमा आफ्नो धारणा ब्यक्त गर्नु भएको थियो ।

साधारण सभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकारका अर्थ मन्त्रालयबाट शाखा अधिकृत लोकराज पन्त, महालेखा नियन्त्रकको कार्यालयबाट लेखा अधिकृत शम्भु प्रसाद ढकाल, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट उपसचिव टेकनारायण पौडेल, भैतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट

बाँकी पृष्ट ३ ▶▶

# राष्ट्रिय वाणिज्य बैकद्वारा वित्तीय साक्षरता कार्यक्रम संचालन




**गोरखा, १० असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा गोरखा र धादिङ्ग जिल्लामा बुढिगण्डकी नदी प्रभावित क्षेत्रका बासिन्दाहरुलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम संचालन गरेको छ । गोरखाको दरभुङ्ग स्थित रत्नेश्वर उच्च मा.बि.मा संचालन गरेको संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गतको वित्तीय साक्षरता कार्यक्रमको समुदघाटन बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले गर्नुभयो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले दिगो आर्थिक बिकासको लागि वित्तीय साक्षरता अभियानलाई सफल बनाउनुपर्ने भन्दै रावा बैंकले बित्तीय पहुंचको लागि वित्तीय साक्षरता कार्यक्रम आगामी दिनमा समेत संचालन गर्ने बताउनुभयो । उहांले उपस्थित प्रभावित क्षेत्रका बासिन्दाहरुलाई रावा बैंकसंग बैकिङ्ग कारोबार गरी आफु आर्थिक रुपमा सुरक्षित हुन आग्रह समेत

बाँकी पृष्ट ६ ▶▶

## यस अंकमा


- राष्ट्रिय वाणिज्य बैंक लि.को एघारौं वार्षिक साधारण सभा सम्पन्न
- राष्ट्रिय वाणिज्य बैकद्वारा वित्तीय साक्षरता कार्यक्रम संचालन
- राष्ट्रिय वाणिज्य बैकको चार शाखा स्थापना
- बलरामा राष्ट्रिय वाणिज्य बैकको शाखा स्थापना
- विभिन्न क्षेत्रमा AML/CFT, कर्जा, जोखिम सम्बन्धी तालिम सम्पन्न
- राष्ट्रिय वाणिज्य बैंकमा पूर्व सेवाकालिन तालिम सम्पन्न
- राष्ट्रिय वाणिज्य बैकद्वारा बागमती सफाइ महाअभियानलाई सहयोग
- ब्रान्चलेस बैंकिङ्ग सम्बन्धी तालिम सम्पन्न
- सफा नोटबारे जानकारी
- राष्ट्रिय वाणिज्य बैंकलाई आस्बा प्रणालीको अनुमती
- मानव संशाधन सम्बन्धी तालिममा सहभागी

## सम्पादकीय ........................................

नेपाल राष्ट्र बैंकले साउन १ गते बाट बैंक तथा वित्तीय संस्थालाई ग्राहक पहिचानको व्यवस्थामा थप कडाई गरेको छ । राष्ट्र बैंकले सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा नयां निर्देशन जारी गर्दै यस्तो कडाई गरेको हो । राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थालाई निर्देशन दिंदै सरलीकृत ग्राहक पहिचान र बृहत ग्राहक पहिचान गरी ग्राहकलाई दुई तहमा पहिचान गर्नुपर्ने निर्देशन दिएको छ । सरलीकृत ग्राहक अन्तर्गत ग्राहकको विवरण लिनुपर्ने छ भने बृहत ग्राहक अन्तर्गत ग्राहकको Enhance Customer Due Diligence गर्न भनिएको छ । सम्पत्ती शुद्धिकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण गर्न यस आर्थिक वर्षदेखि उच्च अधिकारीको बैंक खाता र कारोबार निगरानीमा राख्न भनिएको छ । कुनै ग्राहकले एकै दिनमा पटकपटक गरेर १० लाख रुपैंयाभन्दा बढि कारोबार गरेमा त्यसको जानकारी राष्ट्र बैंकमा रहेको वित्तीय जानकारी इकाईमा गराउन निर्देशन दिएको छ । १० लाख वा सो भन्दा बढीको रकम जम्मा गर्दा सोको स्रोत अनिवार्य रुपमा खुलाउनुपर्ने छ । आतंकवादमाथि हुने लगानी रोक्नका लागि औपचारिक नगद कारोबारको सीमा घटाउँदै लगिएको छ । नगदको कारोबारमा चोरी, लुटपाटजस्ता जोखिम त हुन्छ नै, अनौपचारिक वा अवैध आर्थिक गतिविधिले प्रोत्साहन पाउने जोखिम हुन्छ । त्यही भएरै अनौपचारिक कारोबारलाई नियन्त्रण गर्न भन्दै नेपाल राष्ट्र बैंकले साउन १ गते बाट १० लाख रुपैयाँ भन्दा माथीको कारोबार बैंकिङ्ग प्रणालीबाट गर्नुपर्ने व्यवस्था गरेको छ । यसले अवैध, अनौपचारिक कारोबार दुरुत्साहित हुनेछ भने बैंकिङ्ग प्रणालीमा भैरहेका संचालन जोखीम न्यूनिकरण भएर जानेछ साथै करको दायरामा नसमेटिएका जनतालाई करको दायरामा ल्याई अर्थतन्त्रको वास्तविक आकार आंकलन हुनेछ ।

## सुझाव तथा प्रतिकृयाको लागि

यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिकृया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -स.

ई-मेल: rbbnl@rbb.com.np

सम्पर्क फोन नं.: ०१-४२५२५९५, Ext. २४२३

# राष्ट्रिय वाणिज्य बैंकको चार शाखा स्थापना



**काठमाण्डौं, २९ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले बुधबार एकै दिन ३ शाखा कार्यालय र बिहिबार १ शाखा कार्यालय गरी चार वटा शाखा कार्यालय स्थापना गरेको छ । बैंकले झापा जिल्लाको झापा गांउपालिका-२ स्थित शाखा कार्यालय झापाबजार, सिन्धुली जिल्लाको कमलामाई न.पा.-११ स्थित शाखा कार्यालय भिमान, रुपन्देही जिल्लाको गैंडहवा गांउपालिका-६ स्थित शाखा कार्यालय सुरजपुरा बुधबार र नवलपरासी जिल्लाको विनयी त्रिवेणी गांउपालिका-६ स्थित शाखा कार्यालय त्रिवेणी विहिबार बाट संचालनमा ल्याएको छ । यो समेत बैंकको शाखा कार्यालय संख्या १७९ वटा, ब्रान्चलेस बैंकिङ्ग सेवा संख्या ९२ वटा, एटिएम संख्या १३० वटा र मोवाइल बैंकिङ्ग सेवा ३ लाख भन्दा बढि ग्राहकले प्रयोग गरिरहेका छन् ।



# राष्ट्रिय वाणिज्य बैंक लि.को एघारौं ...



लेखा अधिकृत सपना अधिकारी, उद्योग मन्त्रालयबाट उपसचिव दुर्गा प्रसाद पराजुली, वाणिज्य तथा आपुर्ती मन्त्रालयबाट सहसचिव रविशंकर सैंजु, उर्जा मन्त्रालयबाट उपसचिव प्रल्हाद प्रसाद सापकोटा, सिंचाइ मन्त्रालयबाट शाखा अधिकृत राज बहादुर बिष्ट लगायतका शेयरधनी प्रतिनीधिहरुले राख्नु भएको जिज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष डा.रबीन्द्र प्रसाद पाण्डे तथा प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले जवाफ दिनुभएको थियो ।

सभामा बैंकको हाल ६८ जिल्लामा १७४ वटा शाखा कार्यालय, १०६ वटा एटिएम, ८४ वटा शाखा रहित बैंकिङ्ग र ६७ वटा शाखाहरुबाट सरकारी कारोबार हुंदै आइरहेको छ । द्वन्दकालमा गाभिएका शाखाहरुमध्ये बैंकले हाल ५४ वटा शाखा कार्यालयहरु पुर्नस्थापना गरिसकेको छ । चालु आ.व.को तेस्रो त्रैमास सम्म बैंकले १ खर्व ३५ अर्व निक्षेप संकलन १ खर्व १ अर्व कर्जा लगानी गरि २ अर्व ७ करोड खुद मुनाफा कमाएको छ । हाल बैंकले आरबीबी मर्चेन्ट बैंकिङ्ग कम्पनी संचालनमा ल्याएको छ भने लघुवित्त कम्पनी खोल्ने प्रक्रियामा रहेको जानकारी दिइएको थियो ।

सो साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, डा. जितेन्द्र प्रसाद उपाध्याय, बटुकनाथ ढकाल, ज्ञानेन्द्रराज कोइराला, हरिप्रसाद मुनाकमी, डा. रामदेव सिहं, नायब प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कबिराज अधिकारी, केसब प्रसाद लम्साल, टेकराज जोशी र विभागीय प्रमुखहरु लगायतको उपस्थिती रहेको थियो । साधारण सभालाई कम्पनी सचिव शम्भुनाथ योगीले सहजीकरण गर्नुभएको थियो ।



# बलरामा राष्ट्रिय वाणिज्य बैंकको शाखा स्थापना

**सर्लाही, १५ असार**

सर्लाही जिल्लाको बलरा नगरपालिकामा राष्ट्रिय वाणिज्य बैक लिमिटेडको १७५ औं शाखा कार्यालय स्थापना गरिएको छ । उक्त शाखाको नेपाली कांग्रेसका नेता एवं सांसद डा.अमरेश कुमार सिंहले एक समारोहका बीच समुद्घाटन गर्नुभयो । सो समारोहमा प्रमुख अतिथि सांसद अमरेश कुमार सिंहले बिकासको लागि सबैभन्दा पहिले सम्पूर्ण स्थानीय तहमा बैंक आवश्यक भएको र बैंक भएपछि मात्र अन्य क्षेत्रको बिकास हुने वताउनुभयो ।



सो कार्यक्रममा राष्ट्रिय वाणिज्य बैकका संचालक समितिका अध्यक्ष डा.रबीन्द्र प्रसाद पाण्डेले शहरी, ग्रामिण र दुर्गम सवै स्थानमा बैंकको सक्षम उपस्थितीले देशैभरि वित्तीय समावेशीताको माध्यमबाट वित्तीय पहुंच पुऱ्याउन सघाउ पुग्ने बताउनुभयो । सो कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले रावावैकले नयां संभाव्य क्षेत्रहरुमा शाखा स्थापना गरि दिगो आर्थिक बिकासका लागि वित्तीय पहुंच विस्तार गरिने वताउनुभयो । बैकको बिरगंज क्षेत्रका प्रवन्धक मनोज बर्माको सभापतित्वमा सम्पन्न उक्त समारोहमा नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी प्रदिपराज कंडेल, प्रहरी उपरीक्षक उत्तम राज सुवेदी, सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक राजेश तण्डुकार, स्थानीय उद्यमी व्यवसायी तथा सर्वसाधारणको भव्य उपस्थिति रहेको थियो । ब्रान्च अपरेसन विभागका प्रमुख उद्धव प्रसाद खनालले कार्यक्रम संचालन गर्नुभएको थियो ।

# विभिन्न क्षेत्रमा AML/CFT, कर्जा, जोखिम सम्बन्धी तालिम सम्पन्न




**काठमाण्डौं, ३ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी (Anti Money Laundering and Combating the Financing of Terrorism, AML/CFT), जोखिम व्यवस्थापन, कर्जा तथा कर्जा सूचना सम्बन्धी तालिम विभिन्न क्षेत्रमा सम्पन्न भएको थियो । शाखा प्रवन्धकहरुलाई

> राष्ट्रिय वाणिज्य बैंक लिमिटेड संचालक समितिका अध्यक्ष डा. रवीन्द्र प्रसाद पाण्डेले गत वैशाख ८ गते काठमाण्डौमा बैंकका विभागीय प्रमुख तथा काठमाण्डौ उपत्यका भित्रका शाखा कार्यालयका प्रवन्धकहरुलाई सम्पति शुद्धिकरण निवारण सम्बन्धी (AML/CFT) तालिमको सुभारम्भ गर्नु भयो । यस पश्चात सबै क्षेत्र अन्तर्गतका शाखा प्रवन्धकहरुलाई उक्त तालिम प्रदान गरिएको हो ।

लक्षित गरी दिइएको सो तालिम कार्यक्रम जेठ ५ र ६ गते बिराटनगर क्षेत्र अन्तर्गतका शाखा प्रवन्धकहरुलाई धरानमा, जेठ १२ र १३ गते बिरगंज क्षेत्र अन्तर्गतका शाखा प्रवन्धकहरुलाई हेटौंडामा, जेठ १९ र २० गते पोखरा क्षेत्र अन्तर्गतका शाखा प्रवन्धकहरुलाई पोखरामा, जेठ २६ र २७ गते नेपालगंज क्षेत्र अन्तर्गतका शाखा प्रवन्धकहरुलाई नेपालगंजमा र असार २ र ३ गते काठमाण्डौं क्षेत्र अन्तर्गतका शाखा प्रवन्धकहरुलाई भक्तपुरमा संचालन गरिएको थियो । सो तालिम कार्यक्रमको शुभारम्भ गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले यस्तो तालिमले मुलुकमा वित्तीय अनुशासन कायम गर्न, वित्तीय प्रणालीमा स्थायित्व ल्याउन र संस्थागत तथा कर्मचारीको क्षमता विकास गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्ने हुंदा बैंकले सबै क्षेत्रमा यो तालिम संचालन गरेको बताउनुभयो । सो तालिममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कबिराज अधिकारी, केसब प्रसाद लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु उद्धब प्रसाद खनाल, नरेश अर्याल, क्षेत्रीय कार्यालयका क्षेत्रीय प्रवन्धकहरु, क्षेत्रगत रुपमा भएको सो कार्यक्रममा शाखा प्रवन्धकहरुको उपस्थिती रहेको थियो । सो कार्यक्रममा नेपाल राष्ट्र बैंकबाट उप निर्देशकहरु देबेन्द्र गौतम, गुरु प्रसाद पौडेल, दीर्घ रावल, विनय सिग्देल, बुद्धराज शर्मा, शरण कुमार अधिकारी, निश्चल पाण्डे, राष्ट्रिय वाणिज्य बैंकबाट विभागीय प्रमुखहरु नरेश अर्याल, कृष्णानन्द झा, कम्प्लायन्स महाशाखा प्रमुख बिनोद कुमार नेपाल, उप प्रवन्धक(आइ.टी.) शेखरराज शर्मा एनआइसी बैंकका कम्प्लाइन्स विभागका प्रमुख रमेश जोशी, बाह्य प्रशिक्षक बि.एन. घर्तीले प्रशिक्षण दिनुभएको थियो ।

(सहायक प्रवन्धक मुक्त बहादुर के.सी.को सहयोगमा तयार पारिएको )



# राष्ट्रिय वाणिज्य बैकद्वारा बागमती सफाइ महाअभियानलाई सहयोग

**काठमाण्डौं, २४ असार**



राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गत स्वयंम्सेवा र वातावरण संरक्षणका लागि सरकार र नागरिकको संयुक्त रुपमा संचालित बागमती सफाइ महाअभियानको २१७ औं हप्ताको अवसरमा बागमती सफाइ अभियानलाई गमबुट, टोपी, बाक्लो पन्जा लगायतका सामग्री सहयोग उपलब्ध गराएको छ । राष्ट्रिय वाणिज्य बैंकका नायब महाप्रवन्धक सुशिल श्रेष्ठले सहरी विकास मन्त्री प्रभु साहलाई एक समारोहका बीच सो सामाग्री हस्तान्तरण गर्नु भएको हो । बागमती सफाइ अभियानको तर्फबाट सामाग्री ग्रहण गरेपछि मन्त्री साहले हरेक संस्थाहरुले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गरी समाज सेवाको लागि केही रकम खर्च गर्नुपर्ने बताउनुभयो । बागमती सफाइ अभियानको तर्फबाट अभियन्ता टंक आचार्यले राष्ट्रिय वाणिज्य बैंकले बिगत देखिनै संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गत समाजमा विभिन्न सहयोग गरिरहेको र आगामी दिनमा पनि सहयोगको अपेक्षा राखेको बताउनुभयो । सो कार्यक्रममा बैंकका तर्फबाट विभागीय प्रमुखहरु नरेश अर्याल, देवेश लोहनी, प्रवन्धक राजकुमार थापा, बागमती सफाइ अभियानका अभियन्ता किशोर सिंह शाही, किशोर थापा लगायतको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकमा पूर्व सेवाकालिन तालिम सम्पन्न

**काठमाण्डौं, १३ असार**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा खुला विज्ञापन मार्फत विभिन्न चरणहरु पार गर्दै सफल हुनुभएका नव प्रवेशी कर्मचारीहरुलाई कार्यस्थलमा जानु अघि पूर्व सेवाकालिन तालिम काठमाण्डौंमा प्रदान गरिएकोछ । ४० जना सहायक प्रवन्धक, ८ जना बरिष्ठ सहायक र १४ जना कनिष्ठ सहायक गरी जम्मा ६२ जना नव प्रवेशी कर्मचारीहरुलाई प्रदान गरिएको सो तालिमको शुभारम्भ बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले गर्नुभएको थियो । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले नयां प्रवेशी कर्मचारीहरुलाई ग्राहकको मन जित्दै नियम कानून अनुसार मुस्कान सहितको छिटो र छरितो कार्य गर्नु पर्ने र त्यसो गर्न सकेमा संस्था र कर्मचारीको भविष्य उज्ज्वल रहेको बताउनुभयो । उहांले नव प्रवेशी कर्मचारीहरुलाई निर्धक्कसँग उच्च मनोबलका साथ शाखामा गएर काम गर्न शुभकामना दिनुभयो । सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद बैद्य, विभागीय प्रमुखहरु उद्धब खनाल, नरेश अर्याल, देवेश लोहनी, मित्रलाल पंज्ञानी, रिको स्थापित, प्रवन्धक शिवराम पौडेल, उपप्रवन्धकहरु विमल जोशी, शेखरराज शर्मा, अर्जुन दहालले प्रशिक्षण दिनु भएको थियो । सो कार्यक्रममा बैंकका नायव महाप्रवन्धक सुशिल श्रेष्ठ र मानव संशाधन विभागका प्रमुख गणेश ढकालको उपस्थिति रहेको थियो ।




# ब्रान्चलेस बैंकिङ्ग सम्बन्धी तालिम सम्पन्न

**नेपालगंज, २९ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा इलेक्ट्रोनिक बैंकिङ्ग विभागको अग्रसरतामा दुई दिवसीय ब्रान्चलेस बैंकिङ्ग सेवा सम्वन्धी तालिम नेपालगंजमा सम्पन्न भएको छ । कालिकोट, जाजरकोट, बैतडी र बर्दिया जिल्लामा संचालन भइरहेका बीएलबी एजेण्टहरु र शाखाका आइटी फोकलहरु गरी जम्मा २८ जनाको तालिममा सहभागीता रहेको थियो । सो तालिममा तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, इलेक्ट्रोनिक बैंकिङ्ग विभागका प्रमुख रिको स्थापित, उपप्रवन्धक रामप्रसाद जोशी, बरिष्ठ सहायकहरु साजन सुवाल, सुरेश अवाल तथा बाहय प्रशिक्षक नेपाल भुषण गौलीले ब्रान्चलेस बैंकिङ्गको आवश्यकता तथा महत्व, ब्रान्चलेस बैंकिङ्गको प्राविधिक पक्षको बारेमा प्रशिक्षण प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा रा.वा. बैंक नेपालगंज क्षेत्रका नि.क्षेत्रीय प्रवन्धक बुद्ध प्रकाश सिंहको उपस्थिति रहेको थियो ।







**धुलिखेल, १४ जेठ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा इलेक्ट्रोनिक बैंकिङ्ग विभागको अग्रसरतामा दुई दिवसीय ब्रान्चलेस बैंकिङ्ग सेवा सम्वन्धी तालिम धुलिखेलमा सम्पन्न भएको छ । गुल्मी, गोरखा, नवलपरासी, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, धादिङ्ग र काभ्रेपलान्चोक जिल्लामा संचालन भइरहेका बीएलबी एजेण्टहरु र शाखाका आइटी फोकलहरु गरी जम्मा ३८ जनाको तालिममा सहभागीता रहेको थियो । सो तालिममा इलेक्ट्रोनिक बैंकिङ्ग विभागका प्रमुख रिको स्थापित, प्रवन्धक शिवराम पौडेल, उपप्रवन्धक रामप्रसाद जोशी, बरिष्ठ सहायकहरु साजन सुवाल, सुरेश अवाल तथा बाहय प्रशिक्षक कान्ति श्रेष्ठले ब्रान्चलेस बैंकिङ्गको आवश्यकता तथा महत्व, ब्रान्चलेस बैंकिङ्गको प्राविधिक पक्षको बारेमा प्रशिक्षण प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा शाखा कार्यालय धुलिखेलका सहायक प्रवन्धक सत्यनारायण सापकोटाको उपस्थिति रहेको थियो ।

(सहायक प्रवन्धक मुक्त बहादुर के.सी.को सहयोगमा तयार पारिएको)

# राष्ट्रिय वाणिज्य बैंकलाई आस्बा प्रणालीको अनुमती

ASBA

APPLICATION SUPPORTED BY BLOCKED AMOUNT

राष्ट्रिय वाणिज्य बैंक लि.

RASTRIYA BANIJYA BANK LTD.

...तपाईको आफ्नै बैंक

**काठमाण्डौं, १० बैशाख**

नेपाल धितोपत्र बोर्डले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडलाई धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका,२०७३ बमोजिम धितोपत्र दरखास्त संकलन तथा तत् सम्बन्धी कार्य गर्ने अर्थात आस्बा प्रणालीको अनुमती दिएको छ ।

बैंकले अनुमती प्राप्त गरेको आस्बा प्रणाली अन्तर्गत सार्वजनिक रुपमा धितोपत्र निष्काशन हुंदा खरिद गर्न चाहने यस बैंकको जुनसुकै शाखा कार्यालयका खातावाला लगानीकर्ताहरुबाट दरखास्त फाराम संकलन गरी फाराममा उल्लेख भए अनुसारको रकम सम्बन्धीत लगानीकर्ता खाताधनीकै खातामा रोक्का राखी धितोपत्र बांडफांड भए पश्चात लगानीकर्ताको नाममा कायम हुन आएको धितोपत्र बराबरको रकम सम्बन्धीत धितोपत्र निष्काशनकर्ता कम्पनीमा पठाई बांकी रकम सम्बन्धीत खाताधनीले पुर्ववत रुपमा प्रयोग गर्न सक्ने गरी फुकुवा गरिने छ ।

हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको धितोपत्र बजारको सेवा राष्ट्रिय वाणिज्य बैंकको ६८ जिल्लामा रहेका १७९ वटा शाखा कार्यालयबाट यो सेवा लिन सकिने हुंदा दुरदराजमा रहेका जनताहरुले पनि पुंजी बजारको लाभ लिन सकिने विश्वास बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले जानकारी गराउनु भएको छ ।

## राष्ट्रिय वाणिज्य बैकद्वारा वित्तीय ..............

गर्नुभयो । करिब एक सय भन्दा बढि जनताहरुलाई प्रशिक्षण दिएको सो कार्यक्रममा बैंकका विभागीय प्रमुख देवेन्द्र रमण खनाल, शाखा कार्यालय गोरखाका प्रवन्धक महेन्द्र प्रसाद तिमिल्सीना, उपप्रवन्धक ईश्वरी न्योपानेले प्रशिक्षण दिनुभएको थियो । सो कार्यक्रममा तालिम तथा विकास विभागका प्रमुख मित्रलाल पंज्ञानी, सहायक प्रवन्धक हारित कुमार रेग्मीको पनि उपस्थिति रहेको थियो ।

(सहायक प्रवन्धक मुक्त बहादुर के.सी.को सहयोगमा तयार पारिएको )

मानव संशाधन

# मानव संशाधन सम्बन्धी तालिममा सहभागी



**काठमाण्डौं, १६ जेठ**

नेशनल बैंकिङ्ग इन्स्टिच्युट (एन.बि.आई) को आयोजनामा काठमाण्डौंमा सम्पन्न भएको एक दिने ह्युमन क्यापीटल कन्फेरेन्समा राष्ट्रिय वाणिज्य बैंकले सहभागीता जनाएको छ । सो तालिम कार्यक्रममा मुख्य प्रवन्धकहरु शशि आचार्य र गणेश कुमार ढकाल, बरिष्ठ प्रवन्धक सुनिता मानन्धर, प्रवन्धकहरु मदन कुमार शिवाकोटी, सानुभाई खड्का, नवराज घिमिरे, दिपेन्द्र कार्की, उपप्रवन्धकहरु बेद बहादुर लावती, उभार पाण्डे र सहायक प्रवन्धक जितेन्द्र सिंह थापाले सहभागीता जनाउनु भएको थियो । नेपालका 'क' वर्गका २८ वटा वाणिज्य बैंकहरुका कर्मचारीहरुको सहभागीता रहेको सो कार्यक्रममा व्यवस्थापनका बिख्यात प्राध्यापकहरुले मानव संशाधन सम्बन्धी वर्तमान अवस्था, विभिन्न चुनौतीहरु, समस्याहरु र रणनीतिक उपायहरुका बारेमा प्रशिक्षण दिनुभएको थियो ।

## समवेदना

यस बैंकको शा.का.बनेपामा कार्यरत शाखा प्रवन्धक प्रल्हाद के.सी.(९२६६) की आमा कान्छी खत्री, शा.का. पृथ्वीचोकमा कार्यरत बरिष्ठ सहायक ठाकुर प्रसाद रेग्मी(९४२२) की आमा जानकी रेग्मी, के.का. आन्तरीक लेखापरीक्षण विभागमा कार्यरत प्रवन्धक रामेश्वर भण्डारी(९९१६)की छोरी श्रृष्टी भण्डारी, शा.का.बिरगंजमा कार्यरत प्रवन्धक सीताराम अधिकारी(९८५९)की आमा कृष्णमाया अधिकारी, शा.का. बिरगंजमा कार्यरत कनिष्ठ सहायक धर्मेन्द्र महतो (११८९२)का बुबा गणेश महतो, शा.का. सु.ब.बिराटनगरमा कार्यरत शाखा प्रवन्धक प्रविण कुमार श्रेष्ठ(१०११८) का बुबा पूर्णकुमार श्रेष्ठ, शा.का. भैरहवामा कार्यरत बरिष्ठ सहायक स्याम प्याकुरेल(९०५२)की आमा लिलादेबी प्याकुरेल, शा.का. भरतपुरमा कार्यरत सहायक प्रवन्धक बिष्णुप्रसाद कंडेल (९२५८)की आमा जयकली कंडेल, शा.का. बिरगंजमा कार्यरत बरिष्ठ सहायक बिमल प्रसाद श्रेष्ठ(९१९३)की आमा रुक्मणी देबी श्रेष्ठ, शा.का. बाजुरामा कार्यरत सहायक प्रवन्धक प्रकाश बहादुर खड्का (९११०)का बुबा परे खड्का, शा.का. बिराटनगरमा कार्यरत प्रवन्धक राजाराम रेग्मी (९९३१)का बुबा लेखनाथ रेग्मी, शा.का. राजविराजमा कार्यरत बरिष्ठ सहायक चन्द्रशेखर कर्ण(१०३८९)की आमा उर्मिला देबी कायस्थनी, शा.का. पाल्पामा कार्यरत सहायक प्रवन्धक जीवन बहादुर पौडेल क्षेत्री (९२८५)की आमा दिलकुमारी पौडेलको केहि पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.

RASTRIYA BANIJYA BANK LTD.

...तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

# सफा नोटबारे जानकारी




नोटलाई जतन गर्ने सम्बन्धमा सर्वसाधारण जनता मात्र होइन, बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारी समेत भ्रममा रहेको पाइएको छ। नेपाल राष्ट्र बैंकमा नोट दाखिला गर्न ल्याउने कतिपय बैंक तथा वित्तिय संस्थाले अत्यन्तै सुकिला नोटहरु पनि अनफिट नोट (जलाउन योग्य नोट) मा पारेर ल्याउने गरेको देखिन्छ। बैंक तथा वित्तीय संस्थाले सुकिलो (फिट) र मैलो (अनफिट) नोट आफैले छुट्याएर ल्याउनु पर्ने नीति लागु गरिएको छ तर फिट र अनफिट छुट्याउने स्पष्ट आधार नहुँदा अलमल भएको अनुभव हुन्छ । यस यथार्थलाई नेपाल राष्ट्र बैंक अझ विशेष गरी मुद्रा व्यवस्थापन विभागले छिट्टै स्पष्ट पार्नु जरुरी छ।

**सफा नोट नीति भनेको नेपाल राष्ट्र बैंकबाट सफा नोट बजारमा पठाएर सफा नोट प्रचलनमा ल्याउनु मात्र होइन । यसको मुख्य उद्देश्य नोटलाई जतनसाथ कारोबार गरी चलाउने र नोटलाई हिफाजत गर्न जनचेतना फैलाउने तथा जनसाधारण स्वयम्ले सफा नोट राख्ने जनचेतना विस्तार गर्ने हो ।**

अहिलेसम्मको नोट व्यवस्थापनमा नेपालको स्थितिलाई हेर्दा सर्टिङका सम्बन्धमा नरम नीति अपनाउनु उपयुक्त हुन्छ। सर्वसाधारणमा नोटलाई जतन गर्ने बानी भइनसकेको सन्दर्भमा बजारमा पठाउन मिल्ने जति नोट पठाउनु नै उपयुक्त हुन्छ। बजारमा नयाँ नोट पठाउँदैमा बजारमा नयाँ मात्रै नोट प्रचलनमा आउने सम्भावना नभएकोले एक पटक चलाएको नोटलाई बजारमा पठाउनु नै उपयुक्त हुन्छ । रङ लागेको, कोरिएको आदि नोटलाई कतिसम्म प्रचलनमा ल्याउन मिल्छ त्यसका बारेमा मुद्रा व्यवस्थापन विभागले स्पष्ट मापदण्ड बनाउनु पर्दछ।

## नक्कली नोटको सन्दर्भ

नक्कली नोटको समस्या हरेक देशले थोरबहुत भोगिरहेकै हुन्छन्। तर नेपालमा यसको बिगबिगी अझै ज्यादा छ। अन्य देशको तुलनामा नेपाली नोटको गुणस्तर सामान्य भएकाले नक्कली नोट सजिलै तयार भइरहेको देखिन्छ । नेपाली नोटका सुरक्षा चिन्हहरु तथा सक्कली नोट पहिचान बारे चेतना प्रवाह गर्नु पनि उत्तिकै आवश्यक छ । नक्कली नोट तयार गर्ने गिरोह निकै सावधानी साथ अघि बढ्ने भएकोले यसलाई निर्मूल गर्नु चुनौतीपूर्ण कार्य हुँदै आएको छ। यहाँ सक्कली नोट चिन्ने तरिकाका बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छ।

सक्कली नोट चिन्ने तरिका

- **पानी छाप** : नेपाली नोटको दायाँ भागको खाली ठाउँलाई प्रकाशतिर फर्काएर हेर्यौं भने लाली गुराँसको पानी छाप स्पष्ट रुपमा देख्न सकिन्छ। नक्कली नोटमा त्यस्तो पानी छाप अस्पष्ट र अलि कालो धब्बा जस्तो देखिन्छ।
- **सुरक्षा धागो** : नेपाली नोटमा प्रयोग गरिएको सुरक्षा धागो फोटोकपी गर्न सकिदैन । फोटोकपी गरिएको सुरक्षा धागो कालो र त्यसमा छापिएको अक्षर छोपिएको जस्तो देखिन्छ। सुरक्षा धागोलाई नियालेर हेर्ने हो भने उक्त धागोमा NRB NRB लेखिएको हुन्छ।
- **छोएर हेर्ने** : नेपाली नोटको बुट्टालाई हातले विस्तारै छोएर हेर्ने हो भने त्यस्ता बुट्टा कागजमाथि हातले महशुस गर्न सकिने खालको हुन्छ। नोट पुरानो हुँदै जाँदा भने त्यस्तो विशेषता कम हुँदै जाने हुन्छ।
- **आवाज** : नेपाली नोट शत्प्रतिशत कपासबाट बनेको कागजबाट बनाइएको हुँदा नोटलाई काननिर लगेर हल्लाउँदा आउने आवाज र साधारण कागज हल्लाउँदा आउने आवाज फरक हुन्छ। नोट पुरानो हुँदै जाँदा यो विशेषतामा पनि ऱ्हास आउने गर्दछ।
- **अग्रपृष्ठ संयोजन** : रुपैयाँ १००, ५०० र १००० दरको नोटलाई प्रकाशतिर फर्काएर हेर्दा पानी छाप भएको कोठाको बाहिरपट्टि (बायाँतिर) भएको बुट्टा र त्यसको पछाडिपट्टि भएको बुट्टा मिलेर NRB भन्ने शब्द बन्छ । नक्कली नोटमा त्यसको लाइन फरक देखिन्छ।

उपर्युक्त विशेषताहरु बाहेक अन्य केही विशेषताहरु पनि नोटमा रहेका हुन्छन्। जसलाई हेर्न केही उपकरणहरुको आवश्यकता पर्दछ। जस्तै : यू.भी. लाइट, म्याग्निफइङ ग्लास आदि।

(स्रोत : नेपाल राष्ट्र बैंक समाचार, भागवत आचार्यको लेखबाट साभार गरिएको)।

## श्रद्धाञ्जली



जन्म:
वि.स. २०२०।०१।०५

स्वर्गारोहण :
वि.सं.२०७४।०२।१२

यस राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय थापाथलीमा कार्यरत उप-प्रवन्धक श्याम प्रसाद पौडेल (९९९२)को असामयिक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड परिवार**

# राष्ट्रिय वाणिज्य बैंकमा दुई संचालकद्वारा शपथ ग्रहण





राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रिक्त रहेको संचालक पदमा नक्साल, काठमाण्डौंका रबीन्द्रलाल श्रेष्ठ र पोखरा लेखनाथ-१३, कास्कीका विद्यावारिधी सिग्देल नेपाल सरकार मन्त्रीस्तरीय निर्णयबाट नियुक्त हुनुभएको छ। बैंक संचालक समिमितका अध्यक्ष डा. रबीन्द्र प्रसाद पाण्डेले संचालक रबीन्द्रलाल श्रेष्ठलाई गत असार २५ गते र संचालक विद्यावारिधी सिग्देललाई साउन ८ गते पद तथा गोपनीयताको शपथ गराउनु भएको छ। संचालक श्रेष्ठलाई राष्ट्रिय वाणिज्य बैंकको २५ वर्षको बैकिङ्ग अनुभव छ भने संचालक सिग्देल चाटर्ड एकाउण्टेन्ट हुनुहुन्छ।

# ब्रान्च प्रोफाईल शाखा कार्यालय बुटवल खस्यौली (३१२)

(आ.व.२०७२।७३ को विशिष्ट श्रेणी तथा 'क' वर्गको उत्कृष्ट शाखा)




निक्षेप : रु १,८७,२९,१३,२२६।३२
कर्जा : रु १,६२,७४,७०,२५८।४९
ग्राहक संख्या : ३३६०९
कर्मचारी संख्या : २५
प्रवन्धक : शंकर पहारी
प्रति कर्मचारी कर्जा : रु.६,५०,९८,८१०।३३
प्रति कर्मचारी निक्षेप : रु.७,४९,१६,५२९।०५
मुनाफा : रु.९,४२,४७,२२६।४९
NPA : ०.१२ %
शाखा कार्यालय स्थापना : वि.सं.२०३३।११।२३

**सफलताको रहस्य :**

कुशल नेतुत्व, कर्मचारीहरुको उच्च मनोबल, ग्राहक मैत्री व्यवहार, समन्वय एवं सहयोगी भावना, ग्राहकहरुको विश्वास, के.का. तथा क्षे.का.को सहयोग एवं मार्गदर्शन, मुख्य ब्यापारिक केन्द्रमा शाखा कार्यालय रहनु, सरोकारवाला संघ सस्थाहरुको सुझाव तथा सहयोग र उपलब्ध श्रोत तथा साधनहरुको उचित परिचालन आदी।

Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Public Relation & Information Branch, Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423
Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Sushil Shrestha, DGM & Information Officer.
E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chhapakhana, Bhaktapur, Tel: 9841068987, 9851039361